# सम्पादकीय

संसदीय पद्धति, विधि निर्माण, संसदीय गतिविधि लगायत महत्वपूर्ण समसामयिक विषयहरूमा आधारित रही विज्ञहरूद्वारा लेखिएका लेखहरू समावेश गरी तयार पारिएको संसद जर्नलको पहिलो अङ्क पाठक समक्ष पुऱ्याउन पाउँदा हामी अत्यन्त हर्षित भएका छौं। संसद जर्नलको प्रकाशनले संसदीय मामिलाहरूको विस्तृत विश्लेषण र अनुसन्धानलाई सहयोग पुऱ्याउनुका साथै तथ्यमा आधारित कानुन निर्माणमा समेत सहयोग पुऱ्याउने देखिन्छ ।

संसदीय अध्ययन तथा अनुसन्धानको एउटा महत्त्वपूर्ण स्रोत सामग्रीका रुपमा स्थापित गराउने ध्येयका साथ संसद जर्नल प्रकाशनको थालनी गरिएको हो । यस अङ्कमा विभिन्न क्षेत्रमा अनुभव र विज्ञता हासिल गर्नुभएका नीति निर्माता, प्रशासक एवं विज्ञहरूका लेखहरूलाई समावेश गरिएको छ ।संसद जर्नललाई पहिलो अङ्कदेखि नै अनुसन्धानमूलक जर्नलको स्तरीय ढाँचा अनुरुप प्रकाशनमा ल्याइएको छ। लेखहरूको मौलिकता सुनिश्चित गर्नका लागि सबै लेखहरूको प्लेगियारिजम टेस्ट (Plagiarism Test) गरिएको छ। साथै, नवीन लेखहरूलाई मात्र जर्नलमा समावेश गरिएको छ। आगामी अङ्कहरूमा जर्नलको गुणस्तरीयता प्रवर्द्धनका लागि विषय विज्ञ समीक्षा (Peer Review) को अभ्यासको थालनीको प्रयास गरिनेछ।

अनुसन्धानमूलक नवीन लेखहरूमा रुचि राख्ने सबै पाठकहरूका लागि जर्नल महत्वपूर्ण खुराक हुने अपेक्षा रहेको छ । यस अङ्कमा आफ्ना महत्वपूर्ण लेखहरू उपलब्ध गराई संसद जर्नलको पहिलो अङ्कको प्रकाशनलाई सफल बनाउन योगदान गर्नुहुने सम्पूर्ण विज्ञ लेखकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं। साथै जर्नल प्रकाशनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई सहयोग पुऱ्याउनु हुने सचिवालयका सम्पूर्ण कर्मचारीहरूलाई समेत धन्यवाद दिन चाहन्छौं ।

*- सम्पादक मण्डल*